आज मिति २०७४।०३।३० गते सुक्रबारका दिन लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको पाँचौ बैठक बसी निम्नानुसारका प्रस्ताव उपर छलफल भई निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री यज्ञ पुरी, सचिव (कार्यकारी अधिकृत), लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

**बैठक नं. ५**

लिखु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट
नुवाकोट जिल्ला, ३ नं. प्रदेश नेपाल

## लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको ~~चौंथो~~ पाँचौं बैठकमा प्रस्तुत

## प्रस्ताव

### १. विषयको संक्षिप्त व्यहोराः

लिखु गाउँपालिका नेपालको संविधानमा भएको स्थानीय तह सम्बन्धी व्यवस्था बमोजिम गठन भएको र स्थानीय तहको निर्वाचन, २०७४ बाट गाउँसभा र गाउँकार्यपालिकाको समेत निर्वाचन भैसकेको छ । नेपालको संविधानमा भएको स्थानीय तहको आर्थिक कार्यप्रणाली अनुरुप लिखु गाउँपालिकाले आगामी आर्थिक बर्ष २०७४।७५ को लागि बार्षिक कार्यक्रम तथा बजेट गाउँ सभाबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । लिखु गाउँ कार्यपालिकाको (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ को कार्यविधि अनुसार गाउँ सभामा प्रस्तुत हुने विधेयक गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने कानूनी व्यवस्था रहेकोले लिखु गाउँपालिकाको आ.ब. २०७४।७५ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, विनियोजन विधेयक र लिखु गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम गाउँ सभामा प्रस्तुत गर्न स्वीकृतिका लागि यो प्रस्ताव तयार पारिएको छ ।

### २. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः-

### ३. निणर्यका आधार र कानूनी व्यवस्था

नेपालको संविधानको धारा २३० मा गाउँपालिकाले प्रत्येक बर्ष राजश्व र व्ययको विवरण गाउँ सभामा पेश गर्ने र गाउँ सभाबाट स्वीकृत गराउनु पर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था गरिएको छ । लिखु गाउँ कार्यपालिकाकौ (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ को कार्यविधि अनुसार गाउँ सभामा प्रस्तुत हुने विधेयक गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने कानूनी व्यवस्था रहेकोले लिखु गाउँपालिकाको आ.ब. २०७४।७५ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, विनियोजन विधेयक र लिखु गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम गाउँ सभामा प्रस्तुत गर्न स्वीकृतिका लागि यो प्रस्ताव तयार पारिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा

१. आर्थिक बर्ष २०७४।७५ को लागि यस लिखु गाउँ कार्यपालिकामा प्रस्तुत लिखु गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, लिखु गाउँपालिकाको आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र लिखु गाउँपालिकाको आ.ब. २०७४।७५ को बार्षिक नीति तथा कार्यक्रम लाई स्वीकृत गरी गाउँ सभामा स्वीकृतिका लागि पेश गर्ने ।

*निर्णय १*

*उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत पारित गर्ने ।*

(सृजना बागदास) सदस्य

(लक्ष्मी राई) सदस्य

(शान्ति राई) सदस्य

(इन्दिरा लोहनी) सदस्य

(इन्द्र बहादुर घर्ती) सदस्य

(विष्णु घले) सदस्य

(नरहरी पाण्डे) वडा अध्यक्ष

(भीम बहादुर घले) वडा अध्यक्ष

(भोला प्रसाद सेढाई) वडा अध्यक्ष

(दल बहादुर राई) वडा अध्यक्ष

(रामकृष्ण श्रेष्ठ) वडा अध्यक्ष

(हरिशरण लामिछाने) वडा अध्यक्ष

(रोजिना राई) उपाध्यक्ष

(ध्रुव श्रेष्ठ) अध्यक्ष